# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन

**बैठक संख्या - ७**

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल माघ २१ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री डिला सँग्रौला (पंत)
२. मा० श्री दलबहादुर राना
३. मा० श्री दिल कुमारी
४. मा० श्री दिलेन्द्र प्रसाद बडू
५. मा० श्री दिव्यमणि राजभण्डारी
६. मा० श्री दुर्गा पौडेल
७. मा० श्री देवप्रसाद तिमलसेना
८. मा० श्री देवेन्द्र प्रसाद पौडेल
९. मा० श्री नवराज सिलवाल
१०. मा० श्री देवेन्द्र राज कंडेल
११. मा० श्री नागेन्द्र कुमार
१२. मा० श्री नारायण प्रसाद खतिवडा
१३. मा० श्री निरुदेवी पाल
१४. मा० श्री पवित्रा निरौला (खरेल)
१५. मा० श्री पार्वती कुमारी विशुन्के
१६. मा० श्री पुष्पा भुसाल (गौतम)
१७. मा० श्री पूर्ण कुमारी सुवेदी
१८. मा० श्री प्रकाश रसाईली (स्नेही)
१९. मा० श्री प्रदिप यादव
२०. मा० श्री प्रेमप्रसाद तुलाचन
२१. मा० श्री प्रेम सुवाल
२२. मा० श्री बालकृष्ण खांण

त्यसपछि मा० स्वास्थ्य तथा जनसंख्या एवं कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले चीनको वुहान प्रान्तबाट फैलिएको कोरोना भाइरसबाट हालसम्म नेपालमा एकजनामा मात्र संक्रमित देखिएको र त्यसपछिको परीक्षणमा कुनैपनि व्यक्तिमा सो रोगको संक्रमण नदेखिएको, चीनमा रहेका नेपालीहरुलाई स्वदेश फर्काउने सम्बन्धमा नेपाली दुतावाससँग समन्वय भैरहेको र उनीहरुलाई नेपालमा राख्ने स्थानको बारेमा समेत छलफल भैरहेको सम्बन्धमा सार्वजनिक महत्वको वक्तव्य दिनुभयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१९ को (२) बमोजिम मा० मन्त्रीको वक्तव्यको सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले उठाउनु भएको प्रश्नहरुको सम्बन्धमा मा० स्वास्थ्य तथा जनसंख्या एवं कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले जवाफ दिनुभयो ।

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री मोहम्मद ईस्तियाक राई
३. मा० श्री दिलेन्द्रप्रसाद बडू
४. मा० श्री पुष्पा भुसाल (गौतम)
५. मा० श्री रामबहादुर विष्ट
६. मा० श्री देवेन्द्रराज कंडेल
७. मा० श्री डिला सँग्रौला (पंत)
८. मा० श्री कृष्णभक्त पोखेल
९. मा० श्री राजेन्द्र प्रसाद गौतम
१०. मा० श्री प्रकाश रसाईली (स्नेही)
११. मा० श्री महेश्वर जंग गहतराज (अथक)
१२. मा० श्री प्रेम सुवाल
१३. मा० श्री खगराज अधिकारी
१४. मा० श्री गजेन्द्र बहादुर महत

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७२ बमोजिम गठित प्रतिनिधि सभा अन्तर्गतको विभिन्न समितिहरुमा निम्नलिखित मा० सदस्यहरुको नाम थप गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

| क्र.सं. | मा० सदस्यको नाम | सम्बन्धित समिति |
|---|---|---|
| १. | मा० श्री उपेन्द्र यादव | शिक्षा तथा स्वास्थ्य समिति |
| २. | मा० श्री सुरेन्द्र कुमार यादव | शिक्षा तथा स्वास्थ्य समिति |
| ३. | मा० श्री मोहम्मद ईस्तियाक राई | सार्वजनिक लेखा समिति |

त्यसपछि महिला तथा सामाजिक समितिका मा० सभापति श्री निरु देवी पालले “ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६” पेश गर्नुभयो ।

तदुपरान्त शिक्षा तथा स्वास्थ्य समितिका मा० सभापति श्री जयपुरी घर्तीले “पारमाणविक विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६” पेश गर्नुभयो ।

तत्पश्चात मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले “सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि “सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६” लाई अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम विरोधको सूचना प्राप्त नभएकोले मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले “सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६” पेश गर्नुभयो ।

तदुपरान्त “बैङ्क तथा वित्तीय संस्था सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६” लाई अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम विरोधको सूचना प्राप्त नभएकोले मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले “बैङ्क तथा वित्तीय संस्था सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६” पेश गर्नुभयो ।

तत्पश्चात “नेपाल राष्ट्र बैङ्क (तेस्रो संशोधन) विधेयक, २०७६” लाई अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम विरोधको सूचना प्राप्त नभएकोले मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले “नेपाल राष्ट्र बैङ्क (तेस्रो संशोधन) विधेयक, २०७६” पेश गर्नुभयो ।

त्यसपछि मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले “धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त “धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६” लाई अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम विरोधको सूचना प्राप्त नभएकोले मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले “धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६” पेश गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले पूर्व सदस्य श्रीराम श्रेष्ठको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

“प्रतिनिधि सभाको यो बैठक २०४८ सालमा नेपाली काँग्रेसको तर्फबाट राष्ट्रिय सभामा निर्वाचित सदस्य, प्रजातन्त्र एवं लोकतन्त्र स्थापनाका हरेक आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका, सादा र सरल जीवन पद्धतिमा विश्वास गर्ने सर्वप्रिय नेता श्रीराम श्रेष्ठको ८० वर्षको उमेरमा उपचारको क्रममा मिति २०७६ साल माघ २० गते सोमबार ललितपुरस्थित निदान अस्पतालमा निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।”

त्यसपछि सभाले स्वर्गीय श्रीराम श्रेष्ठको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गर्‍यो ।

तदनन्तर अर्को बैठक २०७६ साल माघ २३ गते बिहीबार दिनको १:०० बजे बस्नेगरी दिनको २:४० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव